आज मिति २०८३ साल बैशाष ७ गते दिनको २:०० बजे यस लमही नगरपालिकाको नगर प्रमुख श्री जोगराज चौधरीज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाको पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती:

| क्र.स. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | नगर उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री नेपालु चौधरी | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री मनोज कुमार चौधरी | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवास न्यौपाने | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ओम प्रसाद सुवेदी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री श्याम नारायण चौधरी | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री मोहन गिरी | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री उमेश कुमार खड्का | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री भेष बहादुर के.सी. | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | Kiran |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री तुलसी वि.क. | कार्यपालिका सदस्य | Tulsi |
| १९ | श्री गेहेन्द्र बहादुर डाँगी | सचिव/प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८३।०१।०७ गते बसेको लमही नगर कार्यपालिकाको १७५औं बैठकको निर्णयहरू:

निर्णय नं.१. आ.व. २०८२।०८३ मा प्रदेश विशेष अनुदानको तर्फ तपसिलका योजनाहरू छनौट गरि पठाउने ।

तपसिल

| वडा नं. | आयोजनाको नाम | ठेगाना | बजेट बाडफाड रु. |
|---|---|---|---|
| १ | कोल्तारा लिफ्टिङ्ग खानेपानी आयोजना | लमही न.पा. ९ | ४०,००,०००।- |
| २ | खिम बहादुर शाह मा.वि. छात्र छात्रा शौचालय निर्माण | लमही न.पा. ५ | ४०,००,०००।- |

निर्णय नं.२. मिति २०८३/०१/०४ गते शुक्रबार बसेको लमही नगरपालिका शिक्षा समितिको बैठकको अनुसूची - १ बमोजिमको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं.३. नगर स्वास्थ्य केन्द्र कोलहीको कार्यालय भवन व्यवस्थापन गर्ने सम्वन्धमा हालको लागि यथास्थानमा संचालन गर्ने ।

निर्णय नं. ४. लमही आँखा अस्पताललाई लमही नगरपालिका वडा नं. ५ मा अवस्थित बसपार्कमा रहेको सार्वजनिक प्रतिक्षालयमा स्व:दृष्टि परिक्षण अभियान संचालनका लागि अनुमति प्रदान गर्ने ।

निर्णय नं. ५. आ.व. २०८१।०८२ मा श्री दलित सचेतना अभियान दाङको लागि कार्यालय सामग्रीहरू खरिद गरि हस्तान्तरण गरिएको तर विविध कारण वस हाल सम्म पनि रकम भुक्तानी नभएकोले सम्वन्धित सप्लायर्सलाई रकम भुक्तानी गरिदिने ।

निर्णय नं. ६. विविध सम्वन्धमा:

क) लमही नगरपालिका वडा नं.८ स्थित सतवरिया खानेपानी योजनामा जाने बाटोमा ग्राभेल गर्न नदिजन्य पदार्थको माग भएकोले प्राविधिक स्टिमेट अनुसारको परिमाण नि:शुल्क उपलब्ध गराउने ।

ख) मिति २०८३ बैशाख १८ र १९ गते यस कार्यालय र अजम्बरी सामुदायिक वन उपभोक्ता समुहको साझेदारीमा जैविक विविधता संरक्षणमा टेवा पुराउने उद्देश्यले लाटोकोसेरो तथा हुचिल उत्सव कार्यक्रम संचालन गर्न लागेकोले बगैचा व्यवस्थापनको लागि सिंचाई गर्न नि:शुल्क दमकल र जनशक्ति उपलब्ध गराउने ।

नगर प्रमुख

मिति २०८३।०१।०७ गते बसेको लमही नगर कार्यपालिकाको १७५औं बैठकको निर्णयहरू:

ग) राजपुर गाँउ कार्यपालिकाको कार्यालयको च.नं.९३५ मिति २०८३।१।३ गतेको पत्र मार्फत आगलागीबाट प्रभावित परिवारहरूको लागि राहत सामग्री माग गरेकोमा विपद व्यवस्थापन कोषबाट खर्च हुने गरि तपसिल बमोजिमको सामग्री राहत स्वरूप उपलब्ध गराउने ।

तपसिल

| क्र.सं. | सामग्रीको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | बाक्लो बल्याङ्केट | २ थान | प्रति परिवार १/१ वटा |
| २ | मोटो चामल(२५ के.जी.) | १० बोरा | प्रति परिवार ५/५ बोरा |
| ३ | मिक्स दाल | १० किलो | प्रति परिवार ५/५ किलो |
| ४ | तोरीको तेल | १० लिटर | प्रति परिवार ५/५ लिटर |

घ) मिति २०८३ बैशाख ७ गते बसेको लमही नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको बैठकको निर्णय अनुमोदन गर्ने ।

ङ) लमही नगरपालिका वडा नं. ९ को कार्यालयबाट गत आ.व. २०८१।०८२ मा संचालित जेस्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिलाइ सम्मान कार्यक्रम अन्तर्गत विनियोजित रकम रु ४,५०,०००।- बाट सामग्री खरिद गरि कार्य सम्पन्न भएको तर आर्थिक वर्षको मसान्तमा सुत्र प्रणालीको अवरूद्धताका कारण भुक्तानी नभएकोले भुक्तानी दिने ।

च) यस कार्यालयको सवारी साधन बा.२झ. ४२०१ को मिति २०८२।०२।०९ दुर्घटना भएको सम्बन्धमा आम नागरिकहरूलाई शु-सूचित गर्न देहाय बमोजिमको प्रेश बिज्ञप्ति जारी गर्ने ।

०८३।१।८

०८३।१।८

नगर प्रमुख

मिति:- २०८३ /०१ /०७ गते

# प्रेस विज्ञप्ति

श्री ZEN -Z YOUTH REVLUTION OF DEUKHURI

विगत केही समय यता सामाजिक संजालमा लमही नगरपालिकाको बा २ भ्ह ४२०१ नम्बरको गाडी दुर्घटना पश्चात्को विषयलाई लिएर उठेको गुनासोको विषयमा लमही नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । साथै मिति २०८३ वैशाख ७ गते प्राप्त ज्ञापनपत्रको सन्दर्भमा यो विज्ञप्ति जारि गरिएको छ ।

लमही नगरपालिकाको पूर्व प्रमुख प्रशासकीय अधिकृत तथा सो समयमा अछामको मंगलसेन नगरपालिकामा कार्यरत श्री गेहेन्द्र बहादुर डाँगी लमही हुँदै घोराही भएर तुलसीपुर घर जाँदै गर्दा उहाँ सवार रहेको कार्यालयको गाडीको लाइट रातको करिब ९ बजेको समयमा लमही घोराही सडक खण्डको बेल्दमारको जंगलमा बिग्रेकाले उहाँले मर्मतका लागि लमही नगरपालिकाको भान्से / ड्राइभर मधुसूदन केसीलाई बोलाउनु भएको हो ।

ड्राइभरका अनुसार लमही नगर विकास समितिको कार्यालयमा पार्किङ्ग गरि राखिएको गाडी लगेर उनि सहित तीनजना साथमा गएका रहेछन, तत्कालिन अछामको मंगलसेन नगरपालिका हाल लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगीले निज ड्राइभर केसीलाई कार्यालयको गाडी किन लिएर आयौ भनेर सोध्दा- सर, गाडी बनेन भने रातिमा कहाँ जानु होला भन्ने सोंचे अनि यहि गाडीबाट घरसम्म लगेर छोडी दिन्छु भनेर गाडी ल्याएर आए सर ' भनेर जवाफ दिएको ) निज ड्राइभरले मर्मत गरेपछि गाडीको लाइट बलेको थियो ।

गाडीको लाइट मर्मत पछि उहाँले आफू सवार रहेको मंगलसेन नगरपालिकाको गाडी लिएर आफ्नो घर तिर गएको, लमही नगरपालिकाका ड्राइभर निज केसीले बा २ भ्ह ४२०१ नम्बरको गाडी पनि पछि पछि लगेर घोराही क्षेत्रसम्म गएको र प्रमुख प्रशासकीय अधिकृत डाँगीले अब म घर पुगि सके तिमी फर्किए हुन्छ भनेर भनेको कुरा ड्राइभरले आफ्नो बयानमा भनेका छन । २०८२ साल जेठ ९ गते राती निज ड्राइभरले बा २ भ्ह ४२०१ नम्बरको गाडी लिएर फर्किने क्रममा लमही घोराही सडकखण्ड अन्तर्गत मुसोट, चौपट्टाको ओरालोमा दुर्घटनामा परेको ठिक साँचो सत्य हो ।

उक्त दुर्घटनामा निज ड्राइभर मधुसूदन केसी, लमही नगर प्रहरी मंगलसिंह भण्डारी, र निज ड्राइभरका छोरा समेत दुर्घटनामा परि ड्राइभरको खुट्टा भाँचिएको र अरु सामान्य घाइते भएको कुरा बिहानमात्र जानकारीमा आएको हो । गाडी दुर्घटना भएपछि प्रहरी र लमही नगरपालिकाका कर्मचारीहरुको सहयोगमा सिप्रद्धी मोटर घोराहीमा मर्मतका लागि लगिएको थियो । २०८२ जेठ ९ गते दुर्घटना भएको गाडी के कसरी दुर्घटना भयो ? यो बारेमा तत्काल सार्वजनिक गर्नु पर्थ्यो तर त्यति बेला नगरपालिकाकै केही प्राविधिक कमजोरीका कारण हुन सकेन ।

**तत्कालिन लमही नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश देवकोटाले दुर्घटना भएपछि घोराहीको सिप्रद्धी मोटरमा राखिएको उक्त गाडी के कसरी र कसको अनुमतिमा नेपालगंजको अल एटु जेड अटो वर्कसपमा पठाउनु भयो त्यो बिषयमा लमही नगरपालिकाको नगर कार्यपालिकालाई कुनै जानकारी छैन ।**

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

दुर्घटना भएको सात महिना पछि अछामको पंचदेवल नगरपालिकाबाट प्रमुख प्रशासकीय अधिकृत श्री गेहेन्द्र बहादुर डाँगी लमही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रुपमा सरुवा भएर मिति २०८२/८/२१ मा हाजिरी भएपछि दुर्घटना भएको कार्यालयको गाडी मर्मत गर्ने विषयमा कुरा उठेपछि विमा कम्पनी र नगरपालिकाको सहकार्यमा मर्मत गर्ने भनेर मिति २०८२/८/२५ गत्ते कार्यपालिकाको बैठकले निर्णय गरेको थियो ।

गाडी मर्मत गर्ने निर्णय वाहिर सार्वजनिक भएपछि अनेकौं कुराहरु जोडेर अख्तियारमा उजुरी पर्यो र नगरपालिका सो उजुरीको जवाफ लेख्ने कार्यमा जुट्यो । त्यही क्रममा बाँकेको नेपालगञ्ज उपमहानगरपालिका २० भुजई गाउँस्थित अल.एटु.जेट. अटो वर्कसपमा रहेको ग्यारेजमा ( जुन ग्यारेजमा लमही नगरपालिकाको गाडी सहित अन्य गाडी पनि मर्मतका लागि राखिएको थियो ) आगलागी हुँदा त्यहाँ राखिएका सबै गाडीहरु जलेको भनेर जिल्ला प्रहरी कार्यालय बाँकेले प्रतिवेदन सहित मुचुल्का लमही नगरपालिकालाई पठाएको छ ।

तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री प्रकाश देवकोटा कार्यरत रहँदाकै समयमा उक्त गाडी बाँकेको नेपालगञ्ज उपमहानगरपालिका २० भुजई गाउँस्थित अल.एटु.जेट. अटो वर्कसपमा पठाइएको अवस्था रहेको, दुर्घटनाग्रस्त सवारी साधन मर्मतका लागि बीमा कम्पनीबाट आर्थिक सहयोग हुने र आंशिक खर्च नगरपालिकाले व्यहोर्नुपर्ने भएपछि कार्यपालिका बैठकबाट मर्मत प्रक्रियामा रहेको हो ।

मर्मतकै क्रममा मिति २०८२ साल फागुन २४ गते राति करिव १२:०० बजे विद्युत सर्ट भई आगलागी हुँदा उक्त गाडी सहित मर्मतका लागि अल.एटु.जेट. अटो वर्कसपमा रहेका बा २ भ ४२०१, भे १ क १४९३, भे १ क १३९५ र कर्णाली प्रदेश ०२-००१ क ०४३६ नम्बरका सवारी साधनहरू, वर्कसपमा रहेको गाडीको सिसा, गाडी धुने १ थान मेसिन, गेलेन्डर मेसिन ३ थान, कम्प्रेसर मेसिन १ थान, ड्रिल मेसिन १ थान, डेन्टिङ गर्ने पाइप जग ४ थान, पेन्टको सामान, ब्याट्री ८ थान, चेनफुली २ सेट, गाडीमा लाग्ने जग ४ थान लगायतका धेरै सामान जलेको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाँकेबाट प्राप्त मुचुल्का यस नगरपालिकामा आएको छ । उक्त घटना मर्मतका क्रममा अल.एटु.जेट. अटो वर्कसपमा विद्युत सर्टका कारण आगलागी भएको प्रारम्भिक जानकारी प्राप्त भएको र सो सम्बन्धमा जिल्ला प्रहरी कार्यालय बाँकेले अनुसन्धान गरी प्रतिवेदन समेत पेश गरिसकेको हुँदा यस विषयमा अख्तियार दुरुपयोग अनुशन्धान आयोग नेपालगंज कार्यालयबाट समेत थप अनुशन्धान भई रहेको व्यहोरा जानकारी गराउँदै प्रस्तुत विषयलाई सत्य र तथ्यपरक ढंगले अनुभूति गरि दिनुहुन **ZEN-Z YOUTH REVLUTION OF DEUKHURI** तथा सम्पूर्ण आम लमही नगरवासी ज्युहरुमा कार्यपालिकाको २०८३/१/७ गतेको कार्यपालिका बैठकको निर्णय अनुसार हार्दिक अनुरोध गर्दछु ।

क्षति भएको उक्त गाडीको लागि श्री सिद्धार्थ प्रिमियम इन्सोरेन्स लिमिटेड घोराही १५ दाङलाई कार्यपालिकाको २०८२/१२/१८ गते बसेको बैठकको निर्णय अनुसार विमा रकमको दावी गरि पठाई सकेको व्यहोरा समेत अनुरोध छ ।

०८३/१/८

जोगराज चौधरी
नगर प्रमुख
लमही नगरपालिका, लमही दाङ ।

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

## अनुसूची- १

**प्रस्तावहरु:**

१. विद्यालय मर्ज तथा दरवन्दी मिलान सम्वन्धमा ।

२. विद्यालयको कक्षा सञ्चालन सम्वन्धमा ।

३. विषय तथा कक्षा थपको लागि म्याद थप सम्वन्धमा ।

**निर्णयहरु:**

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा लमही नगरपालिका विद्यालय मर्ज तथा दरवन्दी मिलान समितिले मिति २०८३/०१/०३ गते पेश गरेको विद्यालय मर्ज तथा दरवन्दी मिलान कार्यको खाका सहितको प्रतिवेदनलाई छलफल र परिमार्जन सहित तपसिल बमोजिम स्वीकृति गर्ने ।

**तपसिल:**

**कक्षा स्थगन गर्ने विद्यालयको विवरण:**

| क.सं. | विद्यालयको नाम | हाल संचालित कक्षा | स्थगन् गरिएको कक्षा | शै.स. २०८३ देखि सञ्चालन गर्ने कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्रावि बनकट्टा, लमही ३ | १ देखि ५ | १ देखि ५ | बालविकास | |
| २. | प्रावि टिकुलीगढ | १ देखि ३ | १ देखि ३ | बालविकास | |

**दरवन्दी मिलान:**

१. बालजनता मावि बनगाउँको माध्यमिक तह विज्ञान विषय रिक्त स्वीकृत दरवन्दीलाई माध्यमिक विद्यालय अमिलियामा पदस्थापन गर्ने ।

२. अर्जुन मावि हस्नापुरको माध्यमिक तह विज्ञान विषय नयाँ सिर्जना गरिएको संघिय शिक्षण सहयोग अनुदान कोटालाई बालजनता मावि बनगाउँमा पदस्थापन गर्ने ।

३. बालजनता मावि बनगाउँको माध्यमिक तह अंग्रेजी विषय् स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक दिपेन्द्र यादवलाई दरवन्दी सहित अर्जुन मावि हस्नापुरमा पदस्थापन गर्ने ।

४. माध्यमिक विद्यालय अमिलियाको माध्यमिक तह अंग्रेजी विषय राहत कोटामा कार्यरत अस्थायी शिक्षक जानकी सुनारलाई राहत कोटा सहित बालजनता मावि बनगाउँमा पदस्थापन गर्ने ।

५. बालजनता मावि बनगाउँको माध्यमिक तह सामाजिक विषय स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक राम प्रसाद खनाललाई दरवन्दी सहित सूर्यविनायक मावि नर्तीमा पदस्थापन गर्ने ।

अनुसूची-१

६. अर्जुन मावि हस्नापुरको नयाँ सिर्जना गरिएको माध्यमिक तह अंग्रेजी विषय संघिय शिक्षण सहयोग अनुदान कोटालाई माध्यमिक विद्यालय अमिलियामा पदस्थापन गर्ने ।

७. बालतारा आवि उत्तरमजगाउँको निम्नमाध्यमिक तह अंग्रेजी विषय स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री गोविन्द डि.सी.लाई दरवन्दी सहित बालोदय आवि सुनडबरीमा पदस्थापन गर्ने ।

८. बालोदय आवि सुनडबरीको निम्नमाध्यमिक तह अंग्रेजी विषय नगर अनुदान कोटामा कार्यरत शिक्षक श्री उदय राम चौधरीलाई नगर अनुदान कोटा सहित बालतारा आवि उत्तरमजगाउँमा पदस्थापन गर्ने ।

९. माध्यमिक विद्यालय सोनपुरमा निम्नमाध्यमिक तह नेपाली विषय स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री कल्पना चौधरीलाई दरवन्दी सहित बालतारा आवि उत्तरमजगाउँमा पदस्थापन गर्ने ।

१०. दिव्य प्रावि बसन्तपुरमा प्राथमिक तह स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री दिल बहादुर बलीलाई दरवन्दी सहित खिम बहादुर शाह माध्यमिक विद्यालय कोलहीमा पदस्थापन गर्ने ।

११. प्राथमिक विद्यालय बनकट्टामा प्राथमिक तह स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री खेमराज पोखेललाई दरवन्दी सहित दिव्य प्रावि बसन्तपुरमा पदस्थापन गर्ने ।

१२. सूर्यविनायक मावि नर्तीमा निम्नमाध्यमिक तह सामाजिक विषय स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक श्री गोविन्द पौडेललाई दरवन्दी सहित ज्ञानज्योति आवि भौकामा पदस्थापन गर्ने ।

१३. राप्ती मावि उचानिम्बुमा निम्नमाध्यमिक तह सामाजिक विषय स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक श्री सूचना चौधरीलाई दरवन्दी सहित सूर्यविनायक मावि नर्तीमा पदस्थापन गर्ने ।

१४. प्राथमिक विद्यालय भ्यूसनपुरमा प्राथमिक तह स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री ज्ञानु चौधरीलाई दरवन्दी सहित राप्ती मावि उचानिम्बुमा पदस्थापन गर्ने ।

१५. खिमबहादुर शाह मावि कोलहीको प्राथमिक तह रिक्त स्वीकृत दरवन्दीलाई प्राथमिक विद्यालय भ्यूसनपुरमा पदस्थापन गर्ने ।

१६. प्राथमिक विद्यालय बनकट्टामा प्राथमिक तह राहत कोटामा कार्यरत करार शिक्षक श्री भारती अधिकारीलाई राहत कोटा सहित माध्यमिक विद्यालय सोनपुरमा पदस्थापन गर्ने ।

१७. प्राथमिक विद्यालय बनकट्टामा प्राथमिक तह स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री धना के.सी. लाई दरवन्दी सहित सूर्यविनायक मावि नर्तीमा पदस्थापन गर्ने ।

१८. बालजनता मावि बनगाउँमा निम्नमाध्यमिक तह विज्ञान विषय स्वीकृत दरवन्दीमा कार्यरत स्थायी शिक्षक श्री शिवकुमार यादवलाई दरवन्दी सहित सूर्यविनायक मावि नर्तीमा पदस्थापन गर्ने ।

२०८१/१/६ प्रमुख प्रशासकीय अधिकृत

२०८१/१/६ नगर प्रमुख

CamScanner

अनुसूची- १

१९. सूर्यविनायक मावि नर्तीमा निम्नमाध्यमिक तह विज्ञान गणित विषय स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक राम बहादुर के.सी. लाई दरबन्दी सहित बालजनता मावि बनगाउँमा पदस्थापन गर्ने

२०. प्राथमिक विद्यालय टिकुलीगढमा प्राथमिक तह राहत कोटामा कार्यरत अस्थायी शिक्षक रञ्जु चौधरीलाई राहत कोटा सहित बालतारा आवि उत्तरमजगाउँमा पदस्थापन गर्ने ।

२१. प्राथमिक विद्यालय टिकुलीगढमा प्राथमिक तह नगर अनुदान कोटामा कार्यरत शिक्षक प्रमिला कुमारी चौधरीलाई नगर अनुदान कोटा सहित माध्यमिक विद्यालय फल्कापुरमा पदस्थापन गर्ने ।

२२. रासी मावि उचानिम्बुमा निम्नमाध्यमिक तह गणित विषयमा कार्यरत स्थायी शिक्षक बासुदेव भुषाललाई दरबन्दी सहित हिमाल आवि सोनपुनमा पदस्थापन गर्ने ।

२३. ज्ञानज्योति आवि भौकाको निम्नमाध्यमिक तह रिक्त नगर अनुदान कोटालाई रासी मावि उचानिम्बुमा पदस्थापन गर्ने ।

२४. बालतारा आवि उत्तरमगजगाउँमा प्राथमिक तह स्वीकृत्त दरबन्दीमा कार्यरत स्थायी शिक्षक राजकुमार चौधरीलाई दरबन्दी सहित बालजनता मावि बनगाउँमा पदस्थापन गर्ने ।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा लमही नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिकं सत्र २०८३ को भर्ना अभियान मिति २०८३/०१/०९ गते देखि ऐ. २० गते सम्म सञ्चालन गर्ने र कक्षा सञ्चालन मिति २०८३/०१/२१ गते देखि गर्ने गरी स्वीकृत गर्ने ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा लमही नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सत्र २०८३ को लागि विद्यालय स्थानान्तरण, विषय तथा कक्षा थप कार्यको लागि ३ दिनको म्याद राखि पुनः सूचना प्रकाशन गर्ने गरी स्वीकृत गर्ने ।

नगर प्रमुख

CamScanner